नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २६ गते २०११ साल

भाग ४

खाद्यमन्त्रालयको विज्ञप्ति

व. चा. वि २।३८।०११ २३–९–०११

सरकारतर्फबाट मोरु १ को ३।। साढे तीनमाना चामल बिक्री वितरण गर्ने काम यही पौष ५ गतेदेखि काठमाडौंमा दुइ ठाउँमा र पाटनमा १ ठाउँ चालु राखेको सबैलाई विदितै छ। यस विषयमा पैले पैले पनि बराबर विज्ञप्ति दिंदै यस कुराको सूचना गरेको थियो कि चाँडोनै सरकारबाट भाउ केही घटाउँदै लैजाने कोशिश गर्नेछ। यही पौष १९ गतेदेखि मोरु २ को ७। सवा सात मानाको भाउ मरी पैले बाँडी आएको तीन ठाउँमा बिक्री वितरणको काम मरी नै राख्नेछ र कसो गरे सरकारको भएको सो धानबाट धेरै मात्रामा चामल आई अरू योभन्दा पनि सस्तो मोलमा चामल आउनेछ, त्यस कुराको अध्ययन मरी २।३ दिनभित्र

(958)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एक रिपोर्ट पेश गर्नाको लागि खा. म. क. का मु. से. देवीप्रसाद गिरी वीरगञ्ज गै चामलको बजार दर र स्टकको विचार गरी धोर्सिङ्ग रोपमा आइपुगेका चामल चाँडो ल्याउन बन्दोबस्त मिलाउनाका लागी समेत खटिनुभएको छ।

यसैले यसै विज्ञप्तिद्वारा नताकाई अपील गर्दै र चेतावनी दिँदै यो पनि सूचित गरिएको छ कि सबैले आफ्नु दैनिक खर्चको लागी मात्र चामल खरीद गर्ने गर्नु-होला। कसैले पनि यसलाई अनुचित उपयोग गर्ने वा सस्तो मोलमा किनी महँगोमा बिक्री गर्ने गरी लिएको वा बिक्री गर्ने गरेको ठहरे कालो बजार ऐन लागु भै कडा सजायसमेत सहनुपर्नेछ।

सरकारले चाँडो नै बिक्रीको ठाउँ बढाई वा मोटरमा चामल घुमाई टोल टोलमा बिक्री गर्ने पनि प्रबन्ध मिलाउँदै छ। हाल लाइनमा मिलेर लिन नसक्ने, तर किनेर खानुपर्ने इजतदार व्यक्तिलाई पनि किन्न आएको खण्डमा राम्रो हिसाबसँग दिलाउने बन्दोबस्त समेत गरिएको छ।

यो चामल बिक्री गर्ने काम सरकारी नियन्त्रणमा बिक्री गरिने हुँदा अड्डा बिदा भएको दिन बिक्री हुनेछैन।

आज्ञाले—
देवीप्रसाद गिरी,
का. मु. सेक्रेटरी—खाद्यमन्त्रालय.

मदन पुरस्कार पुस्तकालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।